# पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८

खडक नगरपालिका

## खडक नगरपालिका

कल्याणपुर, सप्तरी

प्रदेश नं.२

# पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८

## प्रस्तावनाः

चिकित्सा तथा ईन्जिनियरिंग शिक्षाको अध्ययनका लागि यस नगरपालिकाका छात्र छात्राहरुलाई प्रोत्साहन गर्न तथा पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई आवश्यक सामान्य खर्चहरुको अभावमा छात्रवृतिको उपयोगबाट बञ्चित हुन नदिन पूर्ण छात्रवृतिका लागि छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा २(ज)(१६) को व्यवस्था कार्यान्वयन गर्न उक्त ऐनको दफा १०२ बमोजिम नगर कार्यपालिकाको मिति २०७८/०९/०१ को बैठकबाट स्वीकृत गरियो,

## प्रारम्भिकः

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>

(१) यस कार्यविधिको नामः "पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८" रहने छ ।
(१) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषा</u>

क) "नगरपालिका" भन्नाले खडक नगरपालिकालाई सम्झिनु पर्छ ।
ख) "कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झिनु पर्छ ।
ग) "कार्यालय" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झिनु पर्छ ।
ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झिनु पर्छ ।

३. <u>उद्देश्य</u>

यस कार्यविधि अन्तर्गत व्यवस्थापन गरिने सेवा सुविधाको उद्देश्य देहाय बमोजिम रहेको छः

क) पूर्ण छात्रवृतिमा छनौट भएका यस नगरपालिकाका छात्र छात्राहरुलाई छात्रवृतिको उपयोगबाट बञ्चित हुन नदिन नगरपालिकाको तर्फबाट थप सेवा सुविधा उपलब्ध गराउनु,

ख) पूर्ण छात्रवृतिमा छनौट भएका छात्राहरुलाई थप सेवा सुविधा प्रदान गर्न आवश्यक बजेट विनियोजन गर्ने,

ग) थप सेवा सुविधा प्रदान गरिने शैक्षिक क्षेत्र तथा विश्वविद्यालयहरु निर्धारण गर्ने,

घ) थप सेवा सुविधा प्रदान गरिने पकृया निर्धारण गर्ने र यस सँग सम्बन्धित विविध कानूनी व्यवस्थाहरु गर्ने ।

४. <u>छात्रवृति प्रदान गरिने शैक्षिक क्षेत्रहरु</u>

यस कार्यविधि अनुसार देहाय बमोजिमका शैक्षिक क्षेत्रहरुमा मात्र पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलव्ध गराइने छ ।

क) चिकित्सा अन्तर्गत (एम.बी.बी.एस मात्र)
ख) इन्जिनियरिङ्ग

५. <u>छात्रवृति प्रदान गरिने विश्वविद्यालय र अन्तर्गतका शिक्षण संस्थाहरु</u>

यस कार्यविधि बमोजिम देहाय बमोजिमका विश्वविद्यालय र सो अन्तर्गतका शिक्षण संस्थाहरुको पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई मात्र नगरपालिकाद्वारा थप सेवा सुविधा उपलव्ध गराइने छः

1. त्रिभुवन विश्वविद्यालय
2. पूर्वाञ्चल विश्वविद्यालय
3. काठमाण्डौं विश्वविद्यालय
4. पोखरा विश्वविद्यालय

६. <u>मापदण्ड</u>

यस कार्यविधि बमोजिम पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुले थप सेवा सुविधा प्राप्त गर्न तपसिल बमोजिमका मापदण्ड अनिवार्यरुपमा पालना गरेको हुनु पर्दछ ।

1. सामुदायिक वा निजी विद्यालयबाट एस.एल.सी. वा एस.ई.ई उतीर्ण भएको हुनुपर्ने,
2. खडक नगरपालिकाको स्थायीबासी भएको हुनुपर्ने,
3. नेपाली नागरिताको प्रमाणपत्र प्राप्त भएको हुनुपर्ने,
4. दफा. ४ बमोजिमको क्षेत्र र ५ बमोजिम विश्वविद्यालय वा सो अन्तर्गतको शिक्षण संस्थाको पूर्ण छात्रवृतिमा छनौट भएको हुनपर्ने,

७. <u>प्रकृया</u>

यस कार्यविधि बमोजिम पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुले थप सेवा सुविधा प्राप्त गर्न तथा नगरपालिकाले थप सेवा सुविधा उपलब्ध गराउन तपसिल बमोजिमका प्रकृयाहरु अपनाउनु पर्दछ ।

1. उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ,
2. दफा ६ बमोजिमका कागजातहरु उम्मेदवार स्वयंले प्रमणित गरी पेश गर्नु पर्नेछ,
3. दर्ता भएका निवेदनहरुको जाँचबुझ र परीक्षण गरी छात्रवृति प्रदान गर्न योग्य रहे/ नरहेको भनी दफा.९ बमोजिमको समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

७. <u>निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

यस कार्यविधि बमोजिम पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुले थप सेवा सुविधा प्राप्त गर्नका लागि निवेदन साथ तपसिल बमोजिमका कागजातहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्दछ ।

1. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी,
2. छात्रवृतिको लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी,

3. पूर्ण छात्रवृतिमा छनौट भएको विश्वविद्यालय वा शिक्षण संस्थाको अभिलेख प्रमाणित प्रतिलिपी,
4. मतदाता रहेको वडा कार्यालयको सक्कलै सिफारिस पत्र ।

८. <u>जाँचबुझ तथा सिफारिस समिति</u>

आवेदकलले पेश गरेका निवेदन माथि जाँचबुझ गरी तपसिल वमोजिका जाँचबुझ तथा सिफारिस समितिले छात्रवृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गरी पेश गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| शिक्षा अधिकृत वा शिक्षा शाखा हेर्ने प्रमुख | - | संयोजक |
| स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| ईन्जिनियर | - | सदस्य |
| सूचना प्रविधि अधिकृत | - | सदस्य |
| प्रशासन शाखा प्रमुख | - | सदस्य सचिव |

९. <u>बजेट व्यवस्थापन</u>

क) यस कार्यविधि बमोजिम पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलब्ध गराउन नगर सभाद्वारा आवश्यक बजेट विनियोजन गरिने छ ।

ख) पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुले भर्ना हुन चाहेको मांग-पत्र र उक्त शैक्षिक संस्थालाई तिर्नुपर्ने रकमको सम्पूर्ण विवरण सम्बन्धित शिक्षण संस्थावाट प्रमाणित गराई नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

ग) यस कार्यविधि बमोजिम खडक नगरपालिकाबाट थप सेव सुविधा पाउने छात्र छात्राहरुले पूर्ण छात्रवृति पाएको कोर्श उतीर्ण गरे पश्चात् न्यून्तम २(दुई) वर्षको लागि यस खडक नगरपालिका अन्तर्गतका कार्यालयहरुमा नगरपालिकाले तोके बमोजिमको सेवा सुविधामा अनिवार्य रुपमा सेवा प्रदान गर्नु पर्नेछ । सो का लागि थप सेवा सुविधा प्राप्त गर्नु पूर्व अनूसूची-२ बमोजिमको ढाँचामा प्रतिवद्धता-पत्र समेत पेश गर्नु पर्नेछ ।

घ) छात्रवृति सिफारिस समितिको निर्णय अनुसार दफा ६ बमोजिमको शैक्षिक संस्थाको खर्चको प्रमाणित विवरण अनुसार खडक नगरपालिकाले उपलव्ध गराउनु पर्नेछ ।

ङ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि उक्त छात्रवृतिको रकम चिकित्सा क्षेत्रमा रु.५ लाख र ईन्जिनियरिंग क्षेत्रमा रु.१ लाख ५० हजार भन्दा बढि हुने छैन र निजी विद्यालयबाट एस.एल.सी वा सी.ई.ई गरेकाको हकमा ५०% मात्र सुविधा उपलब्ध गराइने छ ।

१०. <u>संसोधन गर्न सक्ने</u>

नगरपालिकाले आवश्यकतानुसार यस कार्यविधिमा संसोधन गर्न सक्ने छ ।

१०. <u>बाधा अड्काउ फुकाउने</u>

यस कार्यविधिको कार्यान्वयन गर्नमा कुनै बाधा अड्काउ परेमा नगरपालिकाले सो बाधा अड्काउ फुकाउन सक्नेछ ।

खडक नगरपालिका

अनुसूची– १

<u>(दफा ७(१) सँग सम्बन्धित)</u>

## निवेदनको ढाँचा

मितिः...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खडक नगर कार्यपालिकाको कार्यालय,
कल्याणपुर, सप्तरी ।

विषयः <u>छात्रवृति सुविधा पाउँ वारे ।</u>

महोदय,

सेवामा निवेदन यो छ की खडक नगरपालिका वडा नं......... बस्ने .................................. को छोरा वर्ष ....... को म ...................................... ले ........................................... विश्वविद्यालय अन्तर्गत .................................. तर्फ पूर्ण छात्रवृतिमा नाम निकाल्न सफल भएकोले **पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि,** २०७८ बमोजिम सेवा सुविधा उपलब्ध गराई दिनु हुन अनुरोध छ । श्रीमानको जो आदेश ।

<u>संलग्न कागजातहरुः</u>

1) ..................................................
2) ..................................................
3) ..................................................

<u>निवेदक</u>

खडक नगरपालिका

अनुसूची–२

(दफा ७(१) सँग सम्बन्धित)

## प्रतिबद्धता-पत्रको ढाँचा

मितिः...............................

श्री खडक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कल्याणपुर, सप्तरी ।

**विषयः प्रतिबद्धता सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस खडक नगरपालिका वडा नं......... बस्ने ......................................... को छोरा वर्ष ...... को म ..................................... ले ........................................... विश्वविद्यालय अन्तर्गत ..................................... तर्फ पूर्ण छात्रवृतिमा नाम निकाल्न सफल भएकोले खडक नगरपालिकाको **पूर्ण छात्रवृतिमा छनौट भएका छात्र छात्राहरुलाई थप सेवा सुविधा उपलव्ध गराउने सम्वन्धी कार्यविधि,** २०७८ बमोजिम सेवा सुविधा प्राप्त गर्न कार्यविधिको दफा.९(ग) मा उल्लेख भए बमोजिम यस खडक नगरपालिकामा सेवा दिन प्रतिबद्धता जाहेर गर्दछु ।

..........................
दस्तखत

खडक नगरपालिका